# काठमाडौं जिल्ला अदालत

## बबरमहल, काठमाडौं

फोन नं.
(प्रशासन शाखा) mail: admin.dckathmandu@supremecourt.gov.com

आ.व.२०८२/०८३
च.नं.:

काठमाडौं जिल्ला अदालत
बबरमहल, काठमाडौं

मितिः २०८२।७।१७

## सूचना

मिति २०८२।०५।२३ र २४ गते भएको आगजनी एवं तोडफोड समेतका कारणबाट यस अदालतको भवनमा हुन गएको क्षतिको कारणबाट यस अदालतबाट प्रवाह हुने सेवा स्थगित भएकोमा हाल सञ्चालनमा रहेका सेवाहरू यथावत रही देहायको मितिदेखि देहायबमोजिमका सेवाहरू सुचारू हुने बेहोरा मिति २०८२/७/१४ गतेको यस अदालतको पूर्ण बैठक तथा बार बेन्चको बैठकको निर्णयबमोजिम सरोकारवाला सबैमा जानकारीका लागि सूचित गरिन्छ।

तीर्थराज भट्टराई
स्रेस्तेदार(उप-सचिव)

१. <u>फिराद दर्ता तथा फैसला कार्यान्वयन सम्बन्धी निवेदन दर्ता सम्बन्धमा :-</u>

- मिति २०८२ भाद्र २३ देखि कार्तिक २२ गतेसम्मको अवधिलाई हदम्यादको प्रयोजनका लागि शून्य समय मानी मिति २०८२ भाद्र २३ गते पछि रोकिएका फिराद एक दिनमा बढीमा १५० को संख्यामा नबढ्ने गरी तथा तहसिल शाखामा दर्ता हुने फैसला कार्यान्वयन सम्बन्धी नयाँ निवेदनहरू मिति २०८२।७।२३ गतेदेखि दर्ता गर्ने।

२. <u>नष्ट भएका मिसिलको सूची प्रकाशन तथा चालु मिसिल पुनः प्राप्ति सम्बन्धमा :-</u>

- मिति २०८२ भाद्र २३ र २४ गते भएको आगजनी तथा तोडफोडको घटनापश्चात यस अदालतमा क्षति पुगेका/नष्ट भएका चालु मिसिलहरूको सूची सम्मानीत सर्वोच्च अदालतबाट स्वीकृत *विशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ति र प्रमाणीकरण सम्बन्धी निर्देशिका, २०८२* बमोजिम सूचनापाटी र वेवसाइटमा प्रकाशन प्रकाशित गरिएको छ। उल्लिखित सूची बमोजिमका मिसिलहरू पूनः प्राप्ति गर्ने प्रयोजनका लागि स्पष्ट बुझिने देहायबमोजिमका कागजातहरू अदालतबाट भएको प्रमाणित प्रतिलिपि वा सम्बन्धित सरकारी निकायबाट जारी भएको सक्कल वा प्रमाणित प्रतिलपि मुद्दाका वादी, प्रतिवादी तथा सरोकारवाला समेतबाट मिति २०८२/७/२६ गतेदेखि हाललाई ३० दिनभित्र अदालतमा उपस्थित हुनुपर्नेछ।

  <u>मिसिल पूनः प्राप्तिका लागि पेस गर्नुपर्ने कागजातहरू :-</u>

  फिरादपत्र, प्रतिउत्तरपत्र, बयान, बकपत्र, तारेख पर्चा, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, आदेश, लिखत प्रमाण लगायतका मिसिल संलग्न कागजातहरू,

३. <u>तारेख व्यवस्थापन सम्बन्धमा :-</u>

- मिति २०८२ भाद्र २३ देखि कार्तिक २५ गतेसम्मको अवधिलाई शून्य समय मानी सो अवधिमा परेका म्याद तथा तारेखहरू नगुज्रिने गरी ३१ वटा चालु मुद्दा फाँट तथा तहसिल शाखाबाट तोकिएका

# काठमाडौं जिल्ला अदालत


बबरमहल, काठमाडौं फोन नं.

(प्रशासन शाखा) mail: admin.dckathmandu@supremecourt.gov.com


काठमाडौं जिल्ला अदालत बबरमहल, काठमाडौं

आ.व.२०८२/०८३

च.नं.:

तारेखहरूमा देहायबमोजिमको मिति र स्थानबाट र मिति २०८२/७/२६ गते पश्चात तारेख तोकिएका मुद्दाहरूको हकमा सम्बन्धित तारेखकै दिन उपस्थित हुनुपर्नेछ। साथै, मिति २०८२/७/२६ पश्चात तोकिएको तारेखका दिन उपस्थिति नभए सम्मानित सर्वोच्च अदालत वृहद पूर्ण इजलासबाट मुद्दा नं. ०७६-RE-०३९२ मा मिति २०७७/२/१५ मा भएको आदेश बमोजिम उक्त मितिबाट ३० दिन भित्र उपस्थित हुनुपर्नेछ।

४. मुद्दा मिलापत्र तथा मुद्दा फिर्ता सम्बन्धमा :-

- मिति २०८२/५/२३ गतेदेखि रोकिएका मुद्दा फिर्ता तथा मिलापत्र समेत तारेख खुलेको मितिदेखि सुचारु हुनेछ।

## तारेखमा हाजिर हुनको लागि तोकिएको मिति र स्थान :

### स्थान :

- मूल भवनमा भएका मुद्दा फाँट १ देखि २२ सम्मका मुद्दा फाँटहरू : नेपाल नागरिक उड्डयन प्राधिकरण बबरमहल काठमाडौंको ख ब्लक भवनबाट,
- मूल भवनमा रहेका फाँट नं. २३ देखि २६ सम्मका मुद्दा फाँटहरू : वन परिसरमा रहेको काठमाडौं जिल्ला अदालतको दोस्रो भवनको भूइँ तलाबाट,
- साविक बमोजिमका २७ देखि ३१ सम्मका मुद्दा फाँटहरू : वन परिसरमा रहेको काठमाडौं जिल्ला अदालतको दोस्रो भवनको माथिल्लो तलाबाट
- तहसिल शाखा : मूल भवनको प्रवेशद्वार सँगै रहेको प्रहरी व्यारेक भवनको भूइँतलाबाट
- अभिलेख शाखा : मूल भवनको पछाडिपट्टी रहेको तेस्रो भवन (ख ब्लक) को माथिल्लो तलाबाट
- फिराद तथा अभियोग दर्ता शाखा : मूल भवन परिसरमा रहेको साविक चमेना गृह रहेको स्थानबाट

### तारेखमा उपस्थितका लागि तोकिएको मिति

| तारेख तोकिएको मिति | अदालतमा उपस्थित हुने मिति |
|---|---|
| २०८२।५।२३ र २४ गते | २०८२।७।२६ गते बुधबार |
| २०८२।५।२५ र २६ गते | २०८२।७।२७ गते बिहीबार |
| २०८२।५।२७ र २९ गते | २०८२।७।२८ गते शुक्रबार |
| २०८२।५।३० र ३१ गते | २०८२।७।३० गते आइतबार |
| २०८२।६।१ र २ गते | २०८२।८।१ गते सोमबार |
| २०८२।६।५ गते | २०८२।८।२ गते मंगलबार |
| २०८२।६।२१ र २२ गते | २०८२।८।३ गते बुधबार |
| २०८२।६।२३ र २४ गते | २०८२।८।४ गते बिहीबार |

# काठमाडौं जिल्ला अदालत

बबरमहल, काठमाडौं
फोन नं.
(प्रशासन शाखा) mail: admin.dckathmandu@supremecourt.gov.com

आ.व.२०८२/०८३
च.नं.:

काठमाडौं जिल्ला अदालत बबरमहल, काठमाडौं

| तारेख तोकिएको मिति | अदालतमा उपस्थित हुने मिति |
|---|---|
| २०८२।६।२६ र २७ गते | २०८२।८।५ गते शुक्रबार |
| २०८२।६।२८ र २९ गते | २०८२।८।७ गते आइतबार |
| २०८२।६।३० र ३१ गते | २०८२।८।८ गते सोमबार |
| २०८२।७।२ गते | २०८२।८।९ गते मंगलबार |
| २०८२।७।९ र ११ गते | २०८२।८।१० गते बुधबार |
| २०८२।७।१२ र १३ गते | २०८२।८।११ गते बिहीबार |
| २०८२।७।१४ र १६ गते | २०८२।८।१२ शुक्रबार |
| २०८२।७।१७ र १८ गते | २०८२।८।१४ आइतबार |
| २०८२।७।१९ र २० गते | २०८२।८।१५ सोमबार |
| २०८२।७।२१ र २३ गते | २०८२।८।१६ मंगलबार |
| २०८२।७।२४ र २५ गते | २०८२।८।१७ बुधबार |

केही द्विविधा भएमा देहायबमोजिम सम्पर्क गर्नुहोला ।

<u>मुद्दासँग सम्बन्धित तथा अन्य जानकारीका लागि :</u>

दिपक कुमार श्रेष्ठ (सूचना अधिकारी) : ९८५१४०५५५८
हेमन्त भट्टराई (शाखा अधिकृत) : ९८५८०३०९८९
जीवन ज्योति भण्डारी (नायब सुब्बा) : ९८५५०७३८९०

०८२-६-१६

<u>तहसिल शाखासँग सम्बन्धित जानकारीका लागि :</u>

राजेन्द्र कुरुम्बाङ (तहसिलदार) : ९८४७६००७७७